# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।१०।०२ गते।

# प्रेस विज्ञप्ति

**विषय: पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण खरिदमा गैरकानुनी लाभ वा हानी पुऱ्याई भ्रष्टाचार गरेको मुद्दामा भएको बेरीतको आदेश बदर गरी प्रतिवादीहरुलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गरी पाउन सम्मानित सर्वोच्च अदालतमा निवेदन गरिएको ।**

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण खरिदमा प्रतिवादीहरु **प्रदीप अधिकारी, महेश कुमार बस्नेत, अशोक कुमार सुबेदी, सुवर्णराज उपाध्याय, मुरारी भण्डारी, नारायण गिरी र वावुराम पौडेल** समेतले आफूलाई गैरकानूनी लाभ र नेपाल सरकार/सार्वजनिक संस्था/नेपाल नागरिक उड्डयन प्राधिकरणलाई ७,४३,४३,४५०.०० अमेरिकी डलर (सात करोड त्रिचालीस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर) अर्थात नेपाली रु.८,३६,७३,५५,२९७।५० (आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) गैरकानूनी हानी पुऱ्याउने बद्नियतले स्वीकृत लागत अनुमान १६,९६,९७,०००.०० अमेरिकी डलर भन्दा अस्वभाविक रुपमा लागत अनुमान ७,४३,४३,४५०.०० अमेरिकी डलर बढाई संशोधन गरी गराई २४,४०,४०,४५०.०० अमेरिकी डलर बढी मूल्य तिरी मनासिब कारण बिना अन्य राष्ट्रसेवक र गैर राष्ट्रसेवक निर्माण व्यवसायी समेतका प्रतिवादीहरुसँगको एक आपसको मिलेमतोमा यी प्रतिवादी समेतले आफूलाई गैरकानूनी लाभ र नेपाल सरकार/सार्वजनिक संस्था/नेपाल नागरिक उड्डयन प्राधिकरणलाई गैरकानूनी हानी पुऱ्याउने बद्नियतले लागत इष्टिमेट अस्वभाविक रूपमा बढाई संशोधन गरी काम गरे गराएको,सोही बढी दायित्व बहन गर्नुपर्ने गरी खरिद कार्यको सम्झौता गरी गराई सोही आधारमा अस्वभाविक रुपमा बढी मूल्य तिरी खरिद गरी गराई सोही बमोजिम भुक्तानी भएको देखिएकोमा प्रतिवादीहरु **प्रदीप अधिकारी, महेश कुमार बस्नेत, अशोक कुमार सुबेदी, सुवर्णराज उपाध्याय, मुरारी भण्डारी, नारायण गिरी र वावुराम पौडेल**को उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (घ), (ङ) र (ज) विपरीतको कसूर भएको हुँदा निज प्रतिवादीहरुलाई बिगो ७,४३,४३,४५०.०० अमेरिकी डलर (अक्षेरेपि सात करोड त्रिचालिस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर) अर्थात नेपाली रकम रु.८,३६,७३,५५,२९७।५० (अक्षेरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना सजाय गरी बिगो असुल उपर हुन मागदाबी लिइ बिशेष अदालतमा मिति २०८२/०८/२१ मा **आरोपपत्र (मुद्दा नं.०८२-CR-००४८)** दायर गरिएको ।

प्रस्तुत मुद्दामा विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरु मध्येका प्रदीप अधिकारीलाई जम्मा रु.५,००,०००।- र प्रतिवादी मुरारी भण्डारीलाई जम्मा रु.१,००,०००।— धरौटी लिई मुद्दाको पुर्पक्ष

गर्नेगरी २०८२।०८।२३ गते; प्रतिवादीहरु अशोक कुमार सुबेदी, सुबर्णराज उपाध्याय र महेश कुमार बस्नेतलाई साधारण तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्नेगरी मिति २०८२/०९/१६ गते; प्रतिवादी नारायण गिरीलाई साधारण तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्नेगरी मिति २०८२/०९/२४ गते र प्रतिवादी बावुराम पौडेललाई साधारण तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्नेगरी मिति २०८२/०९/२९ गते थुनछेक आदेश भएकोमा उक्त आदेशहरु निम्न लिखित आधार र कारणबाट बेरीतको देखिंदा प्रतिवादीहरु **प्रदीप अधिकारी, महेश कुमार बस्नेत, अशोक कुमार सुबेदी, सुवर्णराज उपाध्याय, मुरारी भण्डारी, नारायण गिरी र वावुराम पौडेललाई** विशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गरी पाउन मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को परिच्छेद ७ अन्तर्गतको दफा ७३ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १५ बमोजिम सम्मानित सर्वोच्च अदालत समक्ष मिति २०८२/१०/०२ मा निवेदनपत्र दर्ता गरिएको छ ।

**निम्न**

१. बोलपत्रदाता कम्पनी China CAMC Engineering Co.Ltd ले तयार गरेको बिमानस्थल निर्माणको लागि २६४.९५८ मिलियन अमेरीकी डलर लागत लाग्ने भन्नेसमेत व्यहोरा उल्लेख भई तयार भएको Feasibility study Report उपर प्रतिवादीहरु महेश कुमार बस्नेत, अशोक कुमार सुबेदी, सुवर्णराज उपाध्याय, मुरारी भण्डारी, नारायण गिरी, प्रदीप अधिकारी र वावुराम पौडेल समेतको संलग्नतामा China Airport Construction Group Corporation (CACC) र बोलपत्रदाता कम्पनी China CAMC Engineering Co.Ltd का प्रतिनिधि सहित जुलाई ९ देखि १६,२०१३ (मिति २०७०/०३/२५ देखि २०७०/०४/०१ सम्म) मा बैठक बसी उक्त Feasibility Study Report लाई Highly appreciated भन्दै बैठकले निर्णय माइन्युट गरेको र बिमानस्थल निर्माणको लागि २६४.९५८ मिलियन अमेरीकी डलर लागत लाग्ने भन्ने सम्बन्धमा यी प्रतिवादीहरु समेतले कुनै प्रतिक्रिया उल्लेख नगरी लागत बढ्ने गरी पेश भएको Feasibility Study Report स्वीकार तथा स्वामित्वग्रहण गरी China CAMC Engineering Co.Ltd को बदनियतपूर्ण मिलोमतोमा परियोजना लागत बढाउने उद्देश्यलाई औपचारिक प्रक्रिया भित्र प्रबेश गरे गराएको तथ्य एवं सबुद प्रमाणलाई मूल्याङ्कन नगरी आदेश भएको ।

२. बोलपत्रदाता कम्पनी China CAMC Engineering Co.Ltd ले परियोजनाको लागत २६४.९५८ मिलियन अमेरीकी डलर कायम गरी तयार गरेको Feasibility study Report लाई प्रतिवादी प्रदीप अधिकारी समेतले Highly Appreciated भनी उच्च प्रशंसा सहित स्वीकार गरी सोही Feasibility study Report कै आधारमा उक्त परियोजनाको शुरु लागत १६,९६,९७,०००.०० अमेरिकी डलरमा थप ७,४३,४३,४५०.०० अमेरिकी डलर बढाई २४,४०,४०,४५०.०० अमेरिकी डलर कायम गर्नेगरी सम्झौता गर्न सिफारिस गरेको र सोही आधारमा परियोजनाको लागत २४,४०,४०,४५०.०० अमेरिकी डलर कायम गरी भएको सम्झौताबाट सार्वजनिक सँस्था नेपाल नागरिक उड्डयन प्राधिकरणलाई जम्मा ७,४३,४३,४५०.०० अमेरिकी डलर (नेपाली रु. ८,३६,७३,५५,२९७।५०) हानी नोक्सानी भएको तथ्य एवं लिखित प्रमाणलाई अनदेखा गरी मागदाबी गरिएको बिगोको तुलनामा अत्यन्त न्यून

रु.५,००,०००।— मात्र धरौटी लिई मुद्दा पुर्पक्ष गर्नेगरी विशेग अदालत, काठमाण्डौबाट भएको थुनछेक आदेश प्रारम्भिक रुपमै बेरितको भई त्रुटिपूर्ण देखिएको ।

३. सम्मानित सर्बोच्च अदालतबाट ने.का.प. २०५२ अंक ६ निर्णय नं. ६०१६ (मान बहादुर तामाङ बि. काठमाण्डौ जिल्ला अदालत समेत भएको) र ने.का.प. २०५४ अंक अंक ७ नि.नं. ६४०४ (काली प्रसाद खनाल समेत बिरुद्ध जिल्ला सरकारी वकील कार्यालय इनरुवा) मुद्दामा "वारदातमा समान तथ्य र परिस्थिति भएको तथा समान संलग्नता भएका प्रतिवादीहरुको हकमा समान आदेश हुनुपर्ने" भनी सिद्धान्त प्रतिपादन भएको हुँदा उक्त नजिर सिद्धान्त समेतलाई अनुसरण गरी थुनछेक आदेश गर्नुपर्नेमा कसुरजन्य कार्यमा समान भूमिका, सहभागिता र संलग्नता रहेका प्रतिवादीहरु महेश कुमार बस्नेत, अशोक कुमार सुबेदी, सुवर्णराज उपाध्याय, मुरारी भण्डारी, नारायण गिरी र वावुराम पौडेल मध्ये मुरारी भण्डारीको हकमा जम्मा रु.१,००,०००।— अत्यन्त न्यून धरौटी लिई मुद्दाको पुर्पक्ष गर्न आदेश भएको तर बाँकी अन्य प्रतिवादीहरु महेश कुमार बस्नेत, अशोक कुमार सुबेदी, सुवर्णराज उपाध्याय, नारायण गिरी र वावुराम पौडेललाई साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नेगरी भएको आदेश सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्त एवं फौजदारी न्यायको सिद्धान्त विपरीत भई बेरितको देखिएको ।

४. अपराध कसुर गर्नको लागि "पिरामिड शैलीमा" तहगत जिम्मेवारी वहन गरेकोमा एउटा तहलाई जिम्मेवार बनाउने र सोही कार्यमा संलग्न अर्को तहलाई उन्मुक्ति दिने कार्य गर्न नपाइने, कसुरजन्य कार्यमा संलग्न अधिकारी वा पदाधिकारीहरुको पदसोपानको आधारमा गरिएको कार्यको परिणाम स्वरुप सिर्जना भएको दायित्वको आधारमा जिम्मेवार हुनुपर्ने भनी सम्मानीत सर्वोच्च अदालतवाट मुद्दा नं.०८०-WH-००१५ मा प्रतिपादित सिद्धान्त समेतको परिप्रेक्ष्यमा हेर्दा त्यस्तो पिरामिडको माथिल्लो र तल्लो दुवै तहलाई सो आदेशको भावना अनुकुल अनुसन्धान गरी न्यायको रोहमा सजायको मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा यी प्रतिवादीहरु महेश कुमार बस्नेत, अशोक कुमार सुवेदी, सुवर्ण राज उपाध्याय, नारायण गिरी, मुरारी भण्डारी र प्रदीप अधिकारी समेतले China CAMC Engineering Co.Ltd ले पेश गरेको २६४.९५८ मिलियन अमेरीकी डलर लागत लाग्ने भन्ने समेत उल्लेख भएको Feasibility Study Report मा सहमति एवं छलफल गरेको र सोही Feasibility Study Report ले परियोजनाको लागत बढाउन प्रत्यक्ष रुपमा भूमिका खेलेको तथ्यलाई नजरअन्दाज गरी केबल अन्तिम सम्झौतामा संलग्न नभएको भन्ने मात्र आधार लिई यी प्रतिबादीहरुले नेपाल सरकार/सार्वजनिक निकाय नेपाल नागरिक उड्डयन प्राधिकरणलाई नोक्सानी पुऱ्याएको बिगोको तुलनामा अत्यन्त न्यून धरौटी/साधारण तारेखमा राख्नेगरी आदेश गर्न मिल्ने नदेखिएको ।

५. आरोपत्रसाथ पेश भएका तत्काल प्राप्त प्रमाण एवं यी प्रतिबादीहरु कसुरदार देखिएका मनासिव आधारहरुलाई विशेष अदालतबाट थुनछेक आदेश गर्दा न्यायिक तवरले अध्ययन ब्याख्या विश्लेषण नभएको ।

६. सम्मानित सर्बोच्च अदालतबाट "समाज र राष्ट्रलाई गम्भीर असर पार्ने फौजदारी कसूर गरेको आरोप लागी अदालत समक्ष पेश गरिएका र तत्काल प्राप्त प्रमाणबाट सो अबस्था पुष्टि भएका अभियुक्तहरूलाई

निर्दोषिताको अनुमानको आडमा छाड्दै जाने हो भने फौजदारी न्याय प्रशासनले कार्य गर्न नसक्ने" भनी ने.का.प २०६६ क ८ नि.नं. ८२०२ मा नजिर सिद्धान्त समेत प्रतिपादन भएको देखिंदा सार्वजनिक निकाय नेपाल नागरिक उडडयन प्राधिकरणलाई ७,४३,४३,४५०.०० अमेरिकी डलर (सात करोड त्रिचालिस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर) अर्थात नेपाली रु.८,३६,७३,५५,२९७।५० (आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) नोक्सानी पुऱ्याउने कार्यमा संलग्न प्रतिबादीहरू प्रदीप अधिकारी, मुरारी भण्डारी, महेश कुमार बस्नेत, अशोक कुमार सुवेदी, सुवर्णराज उपाध्याय, नारायण गिरी र बाबुराम पौडेललाई निजहरु विरुद्धका तत्काल प्राप्त प्रमाण र आधारहरुको विश्लेषण गरी विशेष अदालत ऐन २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम पुर्पक्षको क्रममा थुनामा राखी मुद्दाको पुर्पक्ष हुनुपर्ने देखिएको ।

७. विशेष अदालतवाट थुनछेक आदेश गर्दा अपराधको प्रकृति र गाम्भिर्यता, कसूरमा प्रतिवादीहरुको संलग्नता, कसूर गर्दाको परिस्थिति, प्रतिवादीहरुले प्रमाण लोप गर्न र नयाँ कृतिम प्रमाण सृजना गर्न सक्ने अवस्था, पीडित तथा साक्षीको सुरक्षा, घटनाले समाजमा पारेको प्रभाव एवं सामाजिक आक्रोश, अदालतमा प्रतिवादीहरुको उपस्थितिको सुनिश्चितता, निजहरुलाई हुन सक्ने सजाय एवं फैसला कार्यान्वयनको अवस्था, स्वेच्छाचारी सरकारी काम कारवाहीको नियन्त्रण समेतका सिद्धान्तलाई मध्यनजर गरी सोमा अनुपातिक न्याय (Proportionality), प्रतिवादीहरुको कसूरमा संलग्नता र निजहरु विरुद्धको प्रमाण बीच समान ब्याख्या एवं मूल्याङ्कन कायम गरी थुनछेक आदेश गर्नु पर्नेमा प्रतिवादी विरुद्धका प्रमाण एवं निजले स्वीकार गरेको तथ्यलाई नजरअन्दाज गरी हचुवा रुपमा केही प्रतिवादीहरुको हकमा विगोको तुलनामा अत्यन्त न्युन धरौटी माग गर्ने तथा अन्य केही प्रतिवादीहरुको हकमा साधारण तारेखमा राख्ने गरी भएको आदेश बेरितको भई त्रुटिपूर्ण देखिएको।

प्रवक्ता
सुरेश न्यौपाने